अन्तिम लेखापरीक्षण प्रतिवेदन

मादी गाउँपालिका, कास्की

आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Scanned with CamScanner

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

Scanned with CamScanner

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

पत्र संख्याः २०७८/७९
च.नं.: ३०८

मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
मादी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
कास्की ।

विषयः- लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

Scanned with CamScanner

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

Scanned with CamScanner

पत्र संख्याः २०७८/७९ च.नं.: ११४

मितिः२०७८।०५।०४

श्री अध्यक्षज्यू,
मादी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
कास्की ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले मादी गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्वन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु ६८ लाख २७ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु. ५ लाख ५८ हजार, नियमित गर्नुपर्ने रु.५३ लाख ९५ हजार र पेस्की बाँकी रु. ८ लाख ७४ हजार रहेको छ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७८।०२।२० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १८(अठार) यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(इन्द्र प्रसाद आचार्य)
नायब महालेखापरीक्षक

Scanned with CamScanner

लेखापरीपरीक्षण प्रतिवेदन

प्राप्ती र भुक्तानी हिसाव

विवरण	टिप्पणी	यस वर्ष रु.			
		बजेट	आफैले गरेको प्राप्ति / भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ति (क+ख)		६४०३२१७६५	५८१३०८३२८.१०		५८१३०८३२८.१०
क.प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		४८८१४४३३१	४३१०३००६४.२०	०	४३१०३००६४.२०
११००० कर	११	९०४६१२९०	६१५१६७२०.४९	०	६१५१६७२०.४९
१३००० अनुदान		३७६८८०८८१	३५३६१८०२३.४९	०	३५३६१८०२३.४९
संघीय सरकार	१२	३३०३७७०००	३२८१२२९०७.५०	०	३२८१२२९०७.५०
प्रदेश सरकार	१२	२१९२९०००	१८४३१०००	०	१८४३१०००
आन्तरिक स्रोत	१२	१७५७४८८१	७०६४११६.०२	०	७०६४११६.०२
जनसहभागिता		७००००००	०	०	०
१४००० अन्य राजस्व		२०१०२१६०	१५२८१५२०.१९	०	१५२८१५२०.१९
१५००० विविध प्राप्ति		७०००००	६१३८००	०	६१३८००
ख.अन्य प्राप्ति		१५२१७७४३४	१५०२७८२६३.९०		१५०२७८२६३.९०
वितरण गर्न बांकि राजस्व		०	०	०	०
कोषहरु		१४६६१४३४	१४०४६०७३.९०	०	१४०४६०७३.९०
धरौटी		०	१५८०८०७	०	१५८०८०७
संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम		१३७५१६०००	१३४६५१३८३	०	१३४६५१३८३
भुक्तानी (ग+घ)		७०४१८१६०८.८०	५३८३५७३४०.७१		५३८३५७३४०.७१
ग.भुक्तानी (सञ्चित कोषबाट)		५५२००४१७४.८०	३९७७८०६४९.७१		३९७७८०६४९.७१
२१००० पारिश्रमिक/ सुविधा	१८	२२४९६०५००	२०१०३९६४६.७३	०	२०१०३९६४६.७३
२२००० मालसामान तथा सेवाको उपयोग	१८	५३१४००००	३०५७६९५३.६०	०	३०५७६९५३.६०
२५००० साहायता		१३८३०००	५६२८००	०	५६२८००
२६००० अनुदान	१८	६१२९३०००	५९४५०६०९.८०	०	५९४५०६०९.८०
२७०००सामाजिक सुरक्षा	१८	८९०७०००	६९३७२१४	०	६९३७२१४
२८००० अन्य खर्च	१८	५३६७२२४.८०	२४८७४०५.५८	०	२४८७४०५.५८
३१००० गैर वित्तिय सम्पत्ती/पूँजीगत खर्च	१८	१९६९५३४५०	१०१२२६०२०	०	१०१२२६०२०
घ.अन्य भुक्तानी		१५२१७७४३४	१४०५७६६९१		१४०५७६६९१
कोषहरु		१४६६१४३४	५१७०३४६	०	५१७०३४६
धरौटी		०	७५६५७५	०	७५६५७५
संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम		१३७५१६०००	१३४६५१३८३	०	१३४६५१३८३
कट्टी रकम भुक्तानी/दाखिला गर्न बांकी			(१६१३)		(१६१३)
ङ.यो वर्षको बचत(न्युन)		(६३८५९८४३.८०)	४२९५०९८७.३९		४२९५०९८७.३९
च.गतवर्षको जिम्मेवारी रकम(अ.ल्या)			६५३२४९६७.८०		६५३२४९६७.८०
वर्षान्तको बांकी रकम(ङ+च)		(६३८५९८४३.८०)	१०८२७५९५५.१९		१०८२७५९५५.१९
वैंक तथा नगद बांकी	२४		११९९१८९०४.०५		११९९१८९०४.०५

Scanned with CamScanner

फा नं	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिकामा १२ वटा वडा र ५६३ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ ।

असुलीः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी भएपश्चात प्रतिक्रियावाट रु ४ लाख २४ हजार असुली भई सम्वन्धित राजश्व शिर्षकमा दाखिला भएको छ।

१. **वित्तीय विवरणको विश्लेषणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिएअनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

- पालिकाको सुत्रको वित्तिय विवरणको वैंक तथा नगद वाँकी र वास्तविक वैंक मौज्दातमा देहायअनुसार फरक देखिन्छ।

सुत्र अनुसार	वास्तविक वैंक खाता अनुसार	फरक रकम
११९९१८९०४।०५	८८४४३०५८।१४	३१४७५८४५।९१

आर्थिक वर्षको अन्त्यमा को ले नि का फिर्ता गरिएको रकम रु२०००५३१३।०० र ग१.२ खातामा वाँकी रु ११४७०५३२।९१ म्यानुअल पत्र मार्फत सञ्चितकोषमा ट्रान्सफर गरिएकोले यो दुवैको कुल जम्मा रु३१४७५८४५।९१ सुत्रको कुल जम्मावाट घटाई हिसाव मिलान गरि वास्तविक वैक मौज्दात रु८८४४३०५८।१४ कायम गरेको पालिकाको भनाई रहेको छ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ अनुसार वजेट तयार तथा कार्यान्वियन दुवै गरेको छैन जसले चालु प्रकृतिका काम पूँजीगतमा तथा पूँजीगत कार्यलाइ चालु खर्च शिर्षकमा राखी खर्च गरेको पाइयो।

  पालिकाले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।

२. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

Scanned with CamScanner

- कार्यालयको श्रेस्ता र बैंक बिचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- दिगो विकास योजना (२०१५-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न व्यक्ति तथा संघ संस्थालाई वितरण गरेको पाईयो।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियमँ ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ-टीडिएस गरेको पाइएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था अनुसार योजना तर्जुमा तथा कार्यन्वयन गरेको पाइएन।
- फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ तथा नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख भएकोमा पालिकाले फोहोरमैला व्यवस्थापन गर्न दिर्घकालिन योजना वनाई कार्यान्वयन गरेको पाइएन।
- सामाजिक सुरक्षा नियमावली २०७६, को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण

Scanned with CamScanner

गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेमा पालिकाले समयमा प्रतिवेदन गर्ने कार्य गरेको पाइएन।

- गाउंपालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर तथा विद्युतिय सामान लगायतका सम्पत्तीको मुल्याङकन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्नेमा सो गरेको पाइएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३. **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ ।यस स्थानीय तहमा रु.६६ करोड ५१ लाखको बजेट २०७६।०३।१० मा सभा समक्ष पेश गरेकोमा २०७६।०३।१० मा पारित भएको छ।बजेट पारित पश्चात गाउँपालिका अध्यक्षले ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था भएता पनी २०७६।०४।०१ मा प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी प्रदान गरेको देखिन्छ।पालिकाले कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

४. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूजिगत खर्चको स्थिति देहाय बमोजिम छ। यसरी आर्थिक वर्षको अन्त्यतिर मात्र अधिक खर्च गरी योजना सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपनामा समेत प्रभाव पर्न सक्छ। त्यसैले पालिकाले निर्धारीत समयभित्र कार्य सम्पादन गर्नुपर्दछ।

पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च रु हजारमा			आषाढ महिनाको मात्र खर्च
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
गापा पुंजीगत	१७५७५८	३४६३०	५५४७३	८५६५५	४७५५२
सशर्त अनुदान	२२१०४८	५३६०५	४५७२४	१२१७१९	६७२०
स्थानीय पुर्वाधार विकास साझेदारी	१७८७४	०	१३३१	१६५४३	१२७४३
जम्मा खर्च	४१४६८०	८८२३५	१०२५२८	२२३९१७	६७०१५
खर्चको प्रतिशत	१००	२१.२८	२४.७३	५३.९९	१६.१६

५. **अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ। नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ।कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. ३१ लाख ९५ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन।जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन।यसमा सुधार गर्नुपर्ने

Scanned with CamScanner

देखिन्छ।

६. **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

क्र.सं.	विवरण	योजना संख्या	रकम
१	रु १ लाखभन्दा कमको योजना	९०	४८२०
२	रु एक लाख एक देखि पाँच लाख सम्मका योजना	११८	२५१८४
३	रु ५ लाख देखि १० लाख सम्मका योजना	२०	१८७९७
४	दश लाख एक देखि ५० लाख सम्मका योजना	१३	३५९००
५	५० लाख भन्दा माथीका	५	८१०००
	जम्मा	२४६	१६५७०१

७. **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। गाउँपालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म र मृत्यु दर्ता ९२१,नाता प्रमाणित ५५१, नागरिकता सिफारिस ८७०, वसाईसराई ४४ घरवाटो सिफारिस २४६ र अन्य ५६६४ वटा दर्ता गरेको पाइयो। अन्यमा ५६६४ वटा देखाइएकोमा अन्य कुन-कुनमा हो भनी यकिन हुन सकेन। पालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा अभिलेख राखेको छैन। पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

८. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट खर्चको स्थितिको शिर्षकगत विवरण पेश नभएकोले क्षेत्रगत वजेट खर्चको शिर्षकगत अवस्था एकिन गर्न सकिएन। खर्चको शिर्षकगत विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	२७६१५	१८८८३	४.७५
सामाजिक क्षेत्र	२४८८७७	२१७०११	५४.५६
पूर्वाधार विकास क्षेत्र	१६६६४५	९६२२०	२४.१९
वित्तिय व्यवस्थापन र सुशासन	१४४९८	८६१०	२.१६
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	९४३६९	५७०५७	१४.३४
जम्मा	५५२००४	३९७७८१	१००

९. **खर्च विश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु २ करोड २५ लाख ३६ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु ४० करोड ८४ लाख ९४ हजार समेत रु ४३ करोड १० लाख ३० हजार आम्दानी भएकोमा चालु तर्फ रु २९ करोड ६५ लाख ५४ हजार र पूँजिगत तर्फ रु १० करोड १२ लाख २६ हजार समेत रु ३९ करोड ७७ लाख ८० हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.६६ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु १ करोड १० लाख ६१ हजार खर्च भएको छ

Scanned with CamScanner

जुन आन्तरिक आयको ४९ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४.५५ प्रतिशत चालु र २५.४५ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ। पालिकाले आन्तरिक आय वृद्धि गरी प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

१०. **जग्गा उपयोग मापदण्डः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७ वमोजिम स्थानिय तहले भु जोखिम संवेदनशिलताका आधारमा जग्गाको उपयोग सम्वन्धि मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृती दिन सक्ने व्यवस्था छ। यस गाउँपालिकाले जग्गाको उपयोग सम्वन्धी मापदण्ड वनाई लागु गरेको देखिएन। स्थानीय तहले आफ्नो सवै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा वन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृती, समान ढाँचाको नमुना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीवाट नक्सा तयार गराई निःशुल्क उपलव्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन। जग्गाको उपयोग सम्वन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृती वमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ ।

११. **आन्तरिक आयतर्फ :** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको व्यवस्था रहेको छ। तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने व्यवस्था भएकोमा नमुना छनौटका आधारमा लेखापरीक्षण गर्दा रसिद नियन्त्रण खाता राख्नुपर्नेमा नरहेको, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम नभिडेको हुँदा यो वर्ष घरबाटो सिफारिस दस्तुर, सम्पत्तिकर, मालपोत रजिष्टेशन शुल्क तथा अन्य आयवापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन। यो वर्ष पालिकाले ढुंगा गिटी वालुवा र विविध सिफारिस दस्तुरमा आन्तरिक आयवापत रु.२ करोड २५ लाख ३६ हजार आम्दानी देखिएको छ। पालिकाले आवश्यक म.ले.प.फा.न. हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१२. **घटी दरमा कर उठाएको** प्रदेश आर्थिक ऐन २०७६ को अनुसुची ६ मा रोडा ढुंगा गिट्टी चिप्स गेग्रान चट्टानको संकलनको दर प्रति क्यु फिट रु ४ का दरले कर संकलन गर्ने उल्लेख छ। पालिकाले यस वर्ष मादी नदी घाटको ढुंगा गिटी वालुवा विक्री गर्ने सम्वन्धमा आर आर वि कन्ट्रक्सन संग ४४१०० घनमिटर अर्थात १५५७१७१क्यु फिट विक्रि गरेकोमा प्रदेश आर्थिक ऐनले तोकेको दर अनुसार रु७०३८४१३।०० (मु अ कर समेत) ठेक्का लगाउनुपर्नेमा रु ६९६१८१७।०० मा सम्झौता गरी ठेक्का लगाएकोले रु ७६५९६ कम राजस्व जम्मा भएको देखिन्छ। पालिकाले कानुनले तोकेको दरमा आय ठेक्का लगाई आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१३. **आन्तरिक आयको विश्लेषणः** पालिकाले उपलव्ध गराएको एकिकृत वित्तिय विवरण अनुसार यस आर्थिक वर्षमा पालिकाले रु २ करोड २५ लाख ३६ हजार वास्तविक आन्तरिक आय प्राप्त गरेकोमा सुत्रको वित्तिय विवरणको अनुसुची ११ मा प्राप्त भएको आन्तरिक राजस्व रु ७ करोड ६७ लाख ९८ हजार देखाएको छ। पालिकाको वास्तविक आन्तरिक आय र सुत्रको अनुसुची ११ मा फरक परेको रकम रु ५ करोड ४२ लाख ६२ हजार संघ तथा प्रदेशवाट प्राप्त राजस्व वाँडफाँडको रकम आम्दानी देखिएको कार्यालयको भनाई रहेको छ।

१४. **अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने

Scanned with CamScanner

व्यवस्था रहेको छ। पालिकाले विभिन्न शीर्षकको रकममध्ये आषाढ मसान्तमा खर्च नभई बाँकी रहेको विशेष अनुदान वाहेकको अनुदान रकम रु.२००१४४१३।०० मिति २०७७।०३।३१ सम्वन्धित निकायमा फिर्ता गरेको देखिन्छ।

१५. **कोभिड-१९ तर्फः**

आ.व २०७६।७७ को अषाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ।

आम्दानी स्रोत	रकम रु	खर्च शिर्षक	रकम रु
स्थानीय तहको आफ्नै वजेटवाट	४००००००	राहत वितरण	२२७११३६
संघीय कोभिड कोषवाट	०	क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन	५५२८३२
प्रदेश कोभिड कोषवाट	५०००००	औषधी एवं स्वास्थ्य उपकरण खरिद	४७५०५७
अन्य स्रोतवाट	१५९१८३९.९०	आइसोलेसन केन्द्र निर्माण	४७७९७
स्थानीय पुर्वाधार विकास साझेदारी	७४१६१७५	अन्य शिर्षकमा भएको खर्च	२५९८९०
		कोरोना वाहेक अन्य विपत्तीको खर्च	२१७०००
		एम्वुलेन्स तथा सवारी साधन परिचालन	८५१३७५
		बाँकी	८८७५७२७.९०
जम्मा	१३५०८०१४.९	जम्मा	१३५५०८१४.९

यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

- पालिकाले उपलव्ध गराएको विवरणअनुसार अन्य शिर्षकमा रु२५०८९०।०० खर्च भएको देखिन्छ। कार्यालयको भनाईअनुसार पालिकाको विभिन्न ४ ठाउँमा चेकपोष्ट स्थापना गरी स्वयमसेवक र सोको व्यवस्थापनमा भएको खर्च अन्य शीर्षकमा देखिएको भनाई रहेको छ। पालिकाले शिर्षकगत रुपमा खर्च लेखाङ्कन गर्नुपर्ने देखिन्छ।

सामाजिक सुरक्षातर्फः

१६. **लाभग्राहीको अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १०.१ मा स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको अनुसूची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने र साथै लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट समयभित्र एम आइ एस मा प्रविष्टि गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले नियमानुसार मुल अभिलेख अद्यावधिक गरेको पाइएन। पालिकाले कानुनको व्यवस्थानुसार अभिलेख अद्यावधिक गर्नुपर्दछ।

समानीकरण चालुः

१७. **विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यो वर्ष विविधमा रु ३७ लाख १६ हजार खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

१८. **आर्थिक सहायताः** सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ । साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकाको विपद व्यवस्थापन तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा रु

Scanned with CamScanner

६९९३००।०० आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधि तयार नगरेको, कार्यपालिकावाट निर्णय गरी ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो । पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन ।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ। पालिकामा चालु आ. व. मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन्

भौ.न। मिति	आर्थिक सहायता प्रदान गरिएको व्यक्ति तथा संस्थाको नाम	सहायता रकम
३/२०७६/०५/१०	तुलाराम सुनार	१००००
४/२०७६/०५/१७	ऋषिराम सापकोटा	५०००
४/२०७६/०५/१७	किसान दमै	२००००
४/२०७६/०५/१७	श्री प्रसाद अधिकारी	२५००००
७/२०७६/०५/२२	नवराज सापकोटा	१००००
८/२०७६/०५/२३	विभिन्न ५ जना	१०००००
१०/२०७६/०५/२४	गोपाल दर्जी र मेतर गुरुङ	३००००
१२/२०७६/०५/२६	वासु कामी उपचार खर्च	७४३००
१८/२०७६/०६/०१	वुद्ध काशी गुरुङ र वुद्धी कुमारी थापा क्षेत्री	२००००
२०/२०७६/०६/०१	विभिन्न ३ जना	४५०००
३०/२०७६/०६/०९	विभिन्न ७ जना	१३५०००
जम्मा		६९९३००

यसरी विभिन्न व्यक्ति तथा संस्थालाई सहायता प्रदान गर्दा निश्चित मापदण्ड एंव कार्यविधि बनाई सोका आधारमा मात्र प्रदान गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

११. **अनुत्पादक तथा वितरणमुखी खर्चः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३(६)मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययीता र प्रभावकारीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। पालिकाले सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.१६ लाख ८९ हजार खर्च गरेको देखिन्छ। पालिकाले यस्ता किसिमका खर्चमा नियन्त्रण गर्नुपर्दछ।

गो भौ न र मिति	कार्यक्रम तथा भुक्तानी पाउने संस्थाको नाम	रकम
३४/०७६/०६/०९	मादी आइडल कार्यक्रम	२५०००
७८/०७६/०७/०१	शुभकामना आदानप्रदान तथा झण्डा पुजा	६०४९०
१४३/०७६/०८/१२	पदाधिकारी तथा कर्मचारी अवलोकन भ्रमण	३५२५९७
१७४/०७६/०८/३०	वडा कार्यालय उद्घाटन खर्च	४००००
१९०/०७६/०९/१२	भगवती कालरात्री पुजा	२००००
१९१/०७६/०९/१२	मादी आइडल वडा नं ३ र ४	४१४००
२३८/०७६/१०/१४	मादी आइडल वडा नं ८	२५०००

Scanned with CamScanner

२६९/०७६/१०/२७	मादी आइडल कार्यक्रम आदीम कला मञ्चलाई भुक्तानी	८०००००
२७६/२०७६/१०/२८	सिक्लेस युवा क्लव	८५०००
२९१/०७६/११/०४	भगवती वरालडाँडा युवा क्लव	५००००
३२३/०७६/११/१२	संरक्षण युवा क्लव	४००००
४९७/०७७/०३/०१	जौवारी गुरुङ पोषाक वितरण	५००००
६०७/०७७/०३/२३	राष्ट्रिय लोक दोहोरी गित प्रतिष्ठान गण्डकी प्रदेश	१०००००
जम्मा		१६८९४८७

२०. **फिल्ड भत्ताः** नेपाल सरकार मन्त्रीपरिष्दको निर्णयवाट २०७१।०४।०१ देखि लागु हुने गरी अनुसुची ११ मा कर्मचारीहरुको फिल्ड भत्ताको दर तोकिएको छ। पालिकाले कार्यपालिकावाट निर्णय गरी गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई मासिक फिल्ड भत्ताको दर तोकिएकोमा उक्त दरको तुलनात्मक अध्ययन गर्दा गाउँपालिकाले निर्णय गरेको दर ५०० प्रतिशत भन्दा वढी रहेको पाइयो। निम्न कर्मचारीलाई फरक दरमा निर्णय गरी वार्षिक रु३३९४५७।०० फिल्ड भत्ता वापत खर्च लेखेको देखिन्छ। पालिकाले स्विकृत दरमा तलव भत्ता वापत खर्च लेखाङ्कन गर्नुपर्दछ।

सि नं	पद	कर्मचारीको नामथर	पालिकाको वैठकको दर	अनुसुची ११ को दर	फरक दर मासिक	जम्मा भुक्तानी भएको रकम वार्षिक
१	इन्जिनियर	शुशिल ढुंगाना	१४०००	२७००	११३००	६४०००
२	इन्जिनियर	रामचान्द्र घिमिरे	१४०००	२७००	११३००	८०५२४
३	सव इन्जिनियर	सन्तोष काफ्ले	१२०००	२२५०	९७५०	२४१४०
४	सव इन्जिनियर	मनोज कुमार मण्डल	१२०००	२२५०	९७५०	२४१४०
५	सव इन्जिनियर	एलिसा पोखेल	१२०००	२२५०	९७५०	१८७००
६	सव इन्जिनियर	विष्णु प्रसाद पौडेल	१२०००	२२५०	९७५०	६९०२०
७	अ सव इन्जिनियर	संजय लामिछाने	१००००	२२५०	७७५०	१७०००
८	अ सव इन्जिनियर	किसान क्षेत्री	१००००	२२५०	७७५०	१२१८३
९	अ सव इन्जिनियर	उत्तम पुन	१००००	२२५०	७७५०	११९००
१०	इन्जिनियर	महेन्द्र आचार्य	१४०००	२७००	११३००	१७८५०
			जम्मा			३३९४५७

यसरी मासिक रुपमा फिल्ड भत्ता दिने गरी निर्णय भएकोमा फिल्ड भत्ताको सम्वन्धमा संघिय कानुनसंग नवाझिने गरी स्पष्ट मापदण्ड वनाई खर्च लेख्नुपर्दछ। पालिकामा कार्यरत प्राविधिक कर्मचारी २० कि मि भन्दा टाढा नियमित रुपमा गइरहनुपर्ने भएकोले दैनिक भ्रमण भत्ताको तुलनामा मितव्ययी हुने भएकोले गाउँसभा वाट निर्णय गरी फिल्ड भत्ता दिइएको कार्यालयको भनाई रहेको छ।

२१. **अन्य कार्यालयको खर्चः** स्थानिय तहले खर्च गर्दा मितव्ययी तवरले खर्च गर्नुपर्दछ पालिकाले इलाका प्रहरी कार्यालय याङ्जाकोटको घरभाडा वापतको रु४०२००।००, मासिक १५ लिटर इन्धन तथा पालिकाको नाममा रहेको मोटरसाइकल उपलव्ध गराई सोको मर्मत सम्भार समेतको खर्च लेखेको छ। गाँउपालिकाको आफ्नो सम्वन्धित कार्यलय वाहेकका अन्य कार्यालयको कार्यक्रम खर्च तथा मर्मत सम्भार गर्न सोही कार्यालयवाट वजेट व्यवस्था हुने र सोही कार्यालयवाट नियमानुसार खर्च गर्ने भएकोले पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

२२. **पशुपंक्षी विकास कार्यक्रमः**१०९।०७६।०७।२१ मादी गाउँपालिकाद्वारा जारी गरिएको अनुदानमा आधारित पशु विकास कार्यक्रम सञ्चालन कार्यविधी २०७५ को परिच्छेद ३ को वाखा प्रर्वद्धन कार्यक्रम अर्न्तगत अनुदान प्रास गर्न लाभग्राहीले कम्तीमा १०० वटा माउ वाखा पालन गरेको खण्डमा प्रतिवाखा रु१००० का

Scanned with CamScanner

दरले अनुदान उपलव्ध गराउने तथा परिच्छेद ४ को पंक्षी विकास कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गर्न २००० देखी माथी लेर्यस वा व्रोइलर कुखुरा पालक अनुदानग्राहीलाई प्रतिहजार कुखुरा वरावर रु १०००० का दरले अनुदान उपलव्ध गराउने व्यवस्था भएकोमा पालिकाले पशुपंक्षी अनुदान उवलव्ध गराएको ११ लाभग्राहीहरुमध्ये नमुना छनौटको आधारमा पालिकाले गरेको अनुगमन प्रतिवेदन समेतको परीक्षण गर्दा पशुपंक्षी संख्याका आधारमा अनुदान उपलव्ध गराउनुपर्नेमा मापदण्ड अनुसार पशुपंक्षी पालन नगरेका लाभग्राहीलाई समेत एकमुष्ट रु २ लाखका दरले अनुदान उपलव्ध गराएको पाइयो। यसरी पालिकाले आफैले वनाएको कार्यविधी विपरीत हुने गरी अनुदान वितरण गरेको रकम अनियमित देखिएको रु | २२०००००

२२. **कृषि तथा पशुमा अनुदानः** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन्

भौ नं	विवरण	अनुदान रकम
१२६	लसुनको विउमा अनुदान १०० प्रतिशत	१०००००
१८५	अध्यक्षसंग युवा स्वरोजगार व्यवसायिक कृषक तथा पशुपालन	९०००००
१०९	पशु अनुदान प्रतिफार्म २ लाखका दरले	१६०००००
११०	अध्यक्षसंग युवास्वरोजगार कार्यक्रम	१४२५०००
२१२	मौरिगोला वितरण ७५ प्रतिशत अनुदान	५५०००
५१६	प्लाष्टिक टनेल र प्लाष्टिक पोखरी ५० प्रतिशत अनुदान	३०२३५०
५१७	मिनि टिलर हलो ५० प्रतिशत अनुदान	६६०००
५६२	सामुहिक कोदो खेती अनुदान वडा नं २	१०००००
जम्मा		४५४८३५०

यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

२२.१. अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन। अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ। अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ। साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

२२.२. कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। गाउँपालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो ।एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

२२.३. अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन ।

२४. **शिक्षक तलव भत्ताः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ। पालिकाले स्वीकृत दरबन्दी वेगर पालिकावाट तलव भत्ता खाने गरी पालिकाभित्र ४ विद्यालयमा शिक्षक नियुक्ती गरी भौ नं २६, २२७, ४१४ र ५२६वाट शिक्षक तलव

Scanned with CamScanner

भत्तावापत रु २४२२८५९।०० र वालविकास सहजकर्ता थप प्रोत्साहान वापत रु६४४१५६।०० गरी कुल जम्मा रु३०६७०१५।०० विधालयलाई निकासा दिई खर्च लेखेको छ।पालिकाले पालिकाभित्र आवश्यक शिक्षक दरवन्दी स्वीकृत र मिलान गराई स्वीकृत दरवन्दीभित्रका शिक्षकहरुको मात्र तलव निकासा गर्नुपर्दछ।

वित्तीय समानीकरण पूँजीगतः

२५. **वढी भुक्तानीः** कार्यालयले स्वीकृत दर रेट अनुसार दर विष्लेषण गरी लागत अनुमान तयार गर्नु पर्ने र सो अनुसार भएको कार्यको नापजाँच गरी भुक्तानी दिनु पर्दछ । कार्यालयले मादी गाँउपालिकावाट स्वीकृत दररेट अनुसार लागत अनुमान तयार गरेकोमा व्याक फिलिङको कार्यमा प्रति घ.मी.रु १९०।५५ का दरले भुक्तानी दिनु पर्नेमा निम्नानुसार वढी दरले भुक्तानी गरेको देखिएकोले असुल गर्नु पर्ने रु. ५८८३५

गो.भा.न र मिति	उपभोक्ता समिति	कार्यको विवरण	परिमाण घ.मी.	भुक्तानी हुनु पर्ने दर	भुक्तानी भएको दर	फरक दर	वढी भुक्तानी
८७/०७६/१/२१	कसेरी भैंसे थुमाको डाँडा उ.स	Earthwork excavation in backfilling and cutting	१३२०	१९०/५५	२०६	१५/४५	२०३३४
१०९/०७६/१०/६	ज्याउदु स्यारचोक याङजाकोट सडक स्तरोन्नतीको कार्य	Earthwork excavation in backfilling and cutting	२७०	१९०/२५	२३६	४५/५५	१२२९८
१६०/०७६/११/६	काँहुखोला दुधपोखरी ग्रामिण सडक उ.स	Earthwork excavation in backfilling and cutting	२७०	१९०/५५	२३६	४५/५५	१२२९८
२५३/०७७/१/२५	चासु भेंडीखर्क सडक निर्माण उ.स	Earthwork excavation in backfilling and cutting	३००	१९०/५५	२३६	४५/५५	१३९०५
जम्मा							५८८३५

२६. **मुल्य अभिवृद्धि कर वढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिसँग कार्य गराउदा मुल्य अभिवृद्धि कर लाग्ने सामानमा मुल्य अभिवृद्धि कर समावेस गरी लागत अनुमान तयार गर्नुपर्ने उपभोक्ताले तिरेको मुल्य अभिवृद्धि कर वरावरको मुल्य अभिवृद्धि कर भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्नानुसारको कार्यको लागि मुल्य अभिवृद्धि कर सहितको लागत अनुमान तयार गरेको मुल्याङकन भई सो अनुसार मुल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा उपभोक्ता समितिले घटि मु.अ.करको विल पेश गरेको देखिएकोले विल अनुसार तिरेको मुल्य अभिवृद्धि कर भन्दा वढी भुक्तानी भएको मु.अ. कर असुल गर्नु पर्ने रु. १३६६१८

गो.भौ.न / मिति	उपभोक्ता समिति	कार्यको नाम	तिरेको मुल्य अभिवृद्धि कर	भुक्तानी भएको मुल्य अभिवृद्धि कर	वढी भुक्तानी भएको मु.अ.कर
१२७/०७६/१०/२१	वड नम्वर ४ सडक सुधार आयोजना उ.स	Earth work excavation new cutting by excavator	४४१२२	५२२१०	८०८८
१४९/०७६/११/१५	तप्राङ नानी पुङ देखी वेंसी सम्मको सडक स्तरोन्नती उ.स	Earth work excavation new cutting by excavator	५५१७४	६२४८८	७३१४

Scanned with CamScanner

१५९/०७६/११/६ २८९/०७६/२/२०	ढोढेनी लुब्धी ग्रामिण सडक उ.स	नयाँ ट्र्याक खोल्ने र माटो काटने कार्य	७४७९.३	१२३०४९	४८२५६
२४४/०७६/१२/१०	मगर गाँउ ठुलास्वारा विद्याज्योति सडक निर्माण उ.स	नयाँ ट्र्याक खोल्ने र माटो काटने कार्य	५६३०४	६२२४४	५९४०
२४५/०७६/१२/२०	भगवती लम्तरी ग्रामिण सडक निर्माण उ.स	नयाँ ट्र्याक खोल्ने र माटो काटने कार्य	४८६०८	९३८१०	४५२०२
३९८/०७७/३/२२	वडा कार्यालय कम्पाउण्ड तथा गेट निर्माण वडा नम्वर ८ उ.स	स्टोन मेशिनरीको काम	७२६२	१४२७५	७०१३
४१६/०७७/३/२३	नागिधार खेलकुद मैदान निर्माण उ.स	माटो खन्ने कार्य	३८३९५	५३२००	१४८०५
	जम्मा		६०७३२०	७७८०३८	१३६६१८

२७. **दर विश्लेषण फरक पारी वढी भुक्तानीः** ४८७।०७७।३।३० मिजुरे पाखुरीवोट नागिधार खैडाँडा सम्मका पहिरो पन्छाई वाटो मर्मत कार्यको रु.१०४२४५२।०० को कार्यसम्पन्न प्रतिवेदनको आधारमा रु.९५६८९०।०० खर्च लेखेकोमा मेशिनवाट कडा चट्टान काटने कार्य पालिकाको स्वीकृत दररेट अनुसार प्रति घ.मी रु.२११२।०० रहेकोमा रु.२८७०।०० दरले मुल्याङकन भएकोले ३९.९७ घ.मी को प्रति घ.मी रु.७५८।०० दरले वढी भुक्तानी भएको सम्वन्धित उपभोक्ता समितिवाट असुल गर्नु पर्ने रु...... ३०२९७

२८. **परामर्श सेवाः** सार्वजनक खरिद ऐन,२०६३ को दफा २९(१) मा सार्वजनिक निकायले सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति, फर्म ,सँस्था वा कम्पनीवाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। कार्यालयवाट परामर्श सेवा खरिद गरिएकोमा कार्यालयमा कार्यरत जनशक्तिवाट काम हुन नसक्ने सम्वन्धमा कुनै कुरा स्पष्ट नगरी परामर्श सेवा खरिद गरेको पाइएकोले कानुनमा उल्लेखित व्यवस्थाको पालना भएको पाइएन।देहायको कामको डिपिआर तयार गरेको भनि रु ३५९९४०९।०० भुक्तानी दिएकोमा वार्षिक खरिद योजना तयार गरी एउटै प्याकेज वनाइ प्रतिस्पर्धाको माध्यमावाट खरिद कार्य गराउनु पर्नेमा रु ९९४४८०।०० को मात्र सिलवन्दी दरभाउपत्रको माध्यमवाट सेवा खरिद गरेको देखिन्छ।वाँकी रु.२६०४९२९।०० को विभिन्न परामर्शदातावाट कोटेसनको माध्यमवाट खरिद गरेको देखिन्छ।कार्यालयले कार्यलयमा उपलव्ध जनशक्तिवाट हुन सक्ने नसक्ने एकिन नगरेको साथै एउटै प्रकृतीका कार्य गर्दा प्याकेज वनाई प्रतिष्पर्धात्मक तरिकाले खरिद गर्नुपर्नेमा प्रतिष्पर्धा सिमित हुने गरी गरेको खरिद कार्य अनियमित देखिएको रु २६०५०६९

भौ.न।मिति	कार्यक्रमको नाम	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम
१५/०७६/६/३०	क्होलासोथर सम्पदा मार्गको डिपिआर	नेपाल कन्सल्ट एण्ड कन्सट्रक्ट प्रा.लि	४९८५००
३५२/०७७/३/५	चिप्ली खानेपानी आयोजनाको डिपिआर	रुरल सर्भिस कन्सल्टेन्सी	११५५९९
४०५/०७७/३/२२	सिक्लेस साँस्कृतिक ग्रामको डिपिआर	सुनाखरी रिसर्च कन्सल्ट प्रा.लि	४९८३३०
४०७/०७७/३/२१	सिक्लेस गाँउ GIS Maping घर नम्वर समेत अध्ययन	Enviromental Research and Sustainable Development	४९७२००
४२७/०७७/३/२४	पर्यटकिय गन्तव्यहरुको प्रवर्द्धनको लागि डकुमेन्ट्री तयार	मुनाल फिल्म प्रा.लि	४९५९००
४२८/०७७/३/२४	थाकहिल पर्यटन विकास गुरुयोजनाको डिपिआर	डिजिटल ग्लोव प्रा.लि	२४९७७०

Scanned with CamScanner

४२९/०७७/३/२४	लम्तरी पर्यटन विकास गुरुयोजनाको डिपिआर	कोएक्सन मल्टीसेन्टर रिसर्च ट्रेनिङ एण्ड कन्सल्टेन्सी प्रा.लि	२४९७७०
जम्मा			२६०५०६९

२९. **कार्यालयको काम उपभोक्ता समिति मार्फत गराएकोः** सार्वजनिक खरिद ऐन,२०६४ को दफा ४४ मा मितव्ययीता ,गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उधेश्य नै रोजगारीको श्रृजना गर्ने रु लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ साथै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायको लागत अनुमान भएको कार्य उपभोक्ता समिति मार्फत गराउन सम्झौता गरी यो वर्ष पेश्की दिएको छ । उपभोक्ता समितिले गर्ने कार्य लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्यरुपमा कार्यालयले नै गर्नुपर्ने कार्य उपभोक्ता समिति मार्फत गरेको पाइयो ।नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुनेगरी लाभग्राही समुदाय मार्फत कार्य गराउनु उचित देखिएन ।

योजनाको काम	लागत अनुमान
५ नम्वर वडा कार्यालय	६९३६५९०
६ नम्वर वडा कार्यालय	९३८१६४४
८ नम्वर वडा कार्यालय	७२३०३४२
९ नम्वर वडा कार्यालय	७२०३६७२
१२ नम्वर वडा कार्यालय	७९७६७६७
जम्मा	३८७२९०१५

संघीय सरकारवाट हस्तान्तरित कार्यक्रमः

शिक्षा तर्फः

३०. **वढी निकासाः** स्थानिय तहले कार्यरत शिक्षकको तलव भत्ता सम्वन्धि एकिन विवरण शिक्षा विकास तथा समन्वय इकाइवाट प्राप्त गरि वा अद्यावधिक गरि सोही अनुसार दरवन्दीमा, शिक्षक अनुदान कोटामा र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकका लागी विधालयवाट प्राप्त माग फाराम रुजु गरी अनुदान दिनुपर्ने कार्यक्रम कार्यन्वयन पुस्तिकाको क्रियाकलाप नं १.१.१.६७ मा व्यवस्था रहेको छ।पालिकाले सेवा मिलन आधारभुत विद्यालयमा प्रथम चौमासिकमा माग रकम रु९४४१७५।०० भएकोमा भुलवश रु८७३९७०५।०० निकासा गरेकोमा वढी निकासा फिर्ता गर्दा ७७९५५३०।०० फिर्ता गर्नुपर्नेमा रु७७८७५३०।०० मात्र फिर्ता गरेकोले वढी निकासा भएको रकम असूल गर्नुपर्ने रु ८०००

३१. **दोहोरो खर्च भुक्तानीः** स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको प्रति विद्यार्थी वार्षिक रु २०० अनुदान दिने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप न.२.७.१३.८ मा उल्लेख छ।पालिकाले आ व २०७६।७७ मा कक्षा ८ सञ्चालन भएका १९ विद्यालयको पालिकास्तरवाट परिक्षा सञ्चालन गरी भौ नं १०८ र १४३ वाट रु४६०५००।०० खर्च लेखेकोमा भौ नं ७४।२०७६।११।२३ वाट विद्यालयको खातामा समेत प्रतिविद्यार्थी रु२०० का दरले निकासा दिइएको पाइयो। यसरी पालिकाले परिक्षा सञ्चालन गरेको अवस्थामा सोही प्रयोजन भनी विद्यालयको खातामा निकासा दिइएको रकम सम्वन्धित विद्यालयवाट असुल गर्नुपर्ने रु ५८२००

Scanned with CamScanner

कक्षा ८ को परीक्षा व्यवस्थापनः स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको प्रति विद्यार्थी वार्षिक रु २०० अनुदान दिने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप न.२.७.१३.८ मा उल्लेख छ। पालिकाले आ व २०७६।७७ मा कक्षा ८ सञ्चालन भएका १९ विद्यालयको पालिकास्तरवाट परिक्षा सञ्चालन गरी भौ नं १०८ र १४३ वाट रु४६०५००।०० खर्च लेखेको देखिन्छ। यसरी पालिकामा कक्षा ८ सञ्चालन भएका १९ विद्यालयका २९१ जना विद्यार्थीको प्रतिविद्यार्थी रु २०० का दरले रु५८२००।०० खर्च लेख्नुपर्नेमा प्रश्नपत्र छपाई, उत्तरपुस्तिका छपाई तथा परीक्षण, परीक्षा व्यवस्थापन र अनुगमन वापत तोकिएको दरभन्दा वढी खर्च लेखेको रकम अनियमित देखिएको रु	४०२३००
शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।	

सि नं	विद्यालयको नाम	दरवन्दी	पदपुर्ती	पदपुर्ती मध्ये करार	विद्यार्थी संख्या
१.	नल्कु आधारभुत विद्यालय	३	३	०	२४
२.	स्थानपती आधारभुत विद्यालय	५	५	०	८८
३.	नारायणी आधारभुत विद्यालय	३	२	१	३०
४.	महेन्द्रोदय आधारभुत विद्यालय	५	३	२	२२
५.	मंगलोदय आधारभुत विद्यालय	३	२	१	२३
६.	विन्ध्यावासिनी आधारभुत विद्यालय	३	३	०	१५
७.	व्रह्मचारिणी आधारभुत विद्यालय	२	२	०	५
८.	नवदुर्गा आधारभुत विद्यालय	३	३	०	२५
९.	सरस्वती आधारभुत विद्यालय	३	३	०	१५
१०.	वमचन्द्रकला आधारभुत विद्यालय	५	५	०	३७
११.	हिमालय आधारभुत विद्यालय	३	३	०	१३
१२.	विद्याज्योती आधारभुत विद्यालय	१०	९	१	३७
१३.	चण्डिका आधारभुत विद्यालय	५	५	०	५४
१४.	भुमे आधारभुत विद्यालय	२	१	१	१६
१५.	शिवशक्ती आधारभुत विद्यालय	२	२	०	१६
१६.	शिल्दु आधारभुत विद्यालय	३	३	०	२५
१७.	वालपदम आधारभुत विद्यालय	३	१	२	२२
१८.	वराह आधारभुत विद्यालय	३	३	०	१६
१९.	कालिका आधारभुत विद्यालय	२	२	०	१६
२०.	धनुवासकालिका आधारभुत विद्यालय	४	४	०	४६
२१.	नारायण आधारभुत विद्यालय	८	७	१	१०२
२२.	शिव आधारभुत विद्यालय	२	२	०	२३
२३.	प्रभात आधारभुत विद्यालय	८	७	१	११०
२४.	शिद्द आधारभुत विद्यालय	४	४	०	४०
२५.	नवप्रभात आधारभुत विद्यालय	२	१	१	७

२६.	दिपज्योती आधारभुत विद्यालय	२	२	०	१४
२७.	प्रगतीसदन आधारभुत विद्यालय	३	३	०	२२
२८.	सरस्वतीकुञ्ज आधारभुत विद्यालय	८	४	४	७४
२९.	गंगा आधारभुत विद्यालय	२	२	०	१४
३०.	वालकल्याण आधारभुत विद्यालय	७	४	३	१२५
३१.	देवी आधारभुत विद्यालय	२	२	०	९
३२.	जनमन्दिर आधारभुत विद्यालय	७	५	२	११८
३३.	विश्वज्योती आधारभुत विद्यालय	३	२	१	१५
३४.	सेवामिलन आधारभुत विद्यालय	७	३	४	७६
३५.	दिपेन्द्र आधारभुत विद्यालय	२	२	०	२२
३६.	अन्नपुर्ण सितापोखरी आधारभुत विद्यालय	३	३	०	२४
३७.	शोभा आधारभुत विद्यालय	३	१	२	२६
३८.	भगवती आधारभुत विद्यालय	३	३	०	२२
३९.	विश्वज्योती आधारभुत विद्यालय	४	२	२	११
४०.	हिमालय आधारभुत विद्यालय	८	७	१	७१
४१.	वसुन्धरा आधारभुत विद्यालय	३	३	०	१८
४२.	अन्नपुर्ण माध्यमिक विद्यालय	१४	१२	२	२७७
४३.	दुधपोखरी माध्यमिक विद्यालय	११	७	४	८६
४४.	हिमालयमिलन माध्यमिक विद्यालय	११	६	५	११८
४५.	सिताराम माध्यमिक विद्यालय	१७	१३	४	१८६
४६.	धुव्र माध्यमिक विद्यालय	१६	१०	६	२०३
४७.	महारुद्र माध्यमिक विद्यालय	१३	९	४	१७४
४८.	धनुवाँसकालिका माध्यमिक विद्यालय	६	२	४	८०
४९.	हिमालय माध्यमिक विद्यालय	१७	८	९	२४३
५०.	जनकल्याण माध्यमिक विद्यालय	१६	१३	३	१९२
५१.	राष्ट्रज्योती माध्यमिक विद्यालय	९	७	२	१३४
		२९३	२२०	७३	३१८१

यस सम्वन्धमा देहायअनुसार उल्लेख गरिएको छ।

- पालिकाको कुल दरवन्दीमा २५ प्रतिशत दरवन्दी करारवाट भएको देखिन्छ। पालिकाले दरवन्दीमा स्थायी शिक्षक नियुक्तिको लागी ध्यान दिनुपर्ने देखिन्छ।
- पालिककाले उपलव्ध गराएको विवरणअनुसार धनुवाँसकालिका माध्यमिक विद्यालयमा ८० विद्यार्थी भएकोमा ६ जना शिक्षक र ३७ जना विद्यार्थी रहेको विद्याज्योती आधारभुत विद्यालयमा १० जना शिक्षक रहेको देखिन्छ। पालिकाले विद्यार्थी संख्याका आधारमा दरवन्दी मिलान गर्नुपर्दछ।
- विद्यार्थी संख्याको तुलनामा शिक्षक वढी भएकोवाट कम भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ।

शसर्त चालुः

३४. **शिर्षक फरक पारी खर्चः**११/२०७७/१/२४ एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले विपद् व्यवस्थापन शिर्षकवाट वर्षे तरकारीवालिका विउविजन खरिद गरी खर्च लेखेकोले शिर्षक फरक पारी लेखेको खर्च अनियमित देखिएको रु. १८८१२५

Scanned with CamScanner

३५.	**स्थानीय पुर्वाधार विकास कार्यक्रम तर्फः** पालिकामा आ व २०७६।७७ मा स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम अर्न्तगत ८ आयोजना छनौट भई रु १ करोड ७८ लाख ७४ हजार वजेट प्राप्त भएकोमा रु१ करोड ०४ लाख खर्च भएको छ भने रु ७४ लाख १६ हजार स्थानीय कोरोना कोषमा जम्मा गरिएको देखिन्छ। यस सम्वन्धमा निम्नानुसार देखिएको छ।	
३५.१.	**दररेट भन्दा वढी भुक्तानीः** २१।२०७७।०३।२४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार तथा भुक्तानी गर्दा सम्वन्धित कार्यको स्वीकृत नर्म्स तथा जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने व्यवस्था रहेककोमा पालिकाले मुग्री खेलमैदान निर्माण कार्यवापत उपभोक्ता समितीलाई रु ८७७१२८।०० भुक्तानी गरेकोमा पहिरो पन्छाउने कामको परिमाण १७०० घ मि मा माटो खन्ने कामको दररेट प्रयोग गरी देहायअनुसारको बढी भुक्तानी गरेको पाइयो। यसरि स्विकृत नर्म्स तथा जिल्ला दररेट भन्दा वढी भुक्तानी भएको रकम सम्वन्धीतवाट असूल गरी संघिय सञ्चित कोष फिर्ता गर्नुपर्ने रु	२६५७६३

कामको विवरण	परिमाण घ मि	प्रयोग दर	हुनुपर्ने दर	बढी दर	वढी भुक्तानी
नरम माटो ६० प्रतिशत	१०२०	८५.८८	६२.५५	२३.३३	२३७९६
कडा माटो १५ प्रतिशत	२५५	९९.४४	६२.५५	३६.८९	९४०६
नरम चट्टान १० प्रतिशत	१७०	३१०.७५	६२.५५	२४८.२	४२१९४
मध्ययम चट्टान १५ प्रतिशत	२५५	८०९.०९	६२.५५	७४६.५४	१९०३६७
जम्मा	१७००				२६५७६३

स्वास्थ्य तर्फः

३६. **औषधी खरिदः**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर स्थानीय तहले उक्त प्रक्रिया वेगर विभिन्न सप्लायर्सवाट रु १८ लाख २९ हजारको औषधि सोझै खरिद गरेको छ। यस सम्वन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन।

खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको

आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको

आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्वन्धमा यकिन गर्न सकिएन ।

औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३७. **प्रधानमन्त्री रोजगार कार्यक्रमः**स्थानीय तहमा सुचिकृत वेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ। गाँउपालिकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कृषि पैदल मार्ग

Scanned with CamScanner

निर्माण,कुलो निर्माण र सडक तथा वाटो मर्मत कार्यमा रु १४ लाख ३७ हजार खर्चमध्ये श्रमिक ज्यालमा रु ८७९२१२।०० खर्च भएको देखिन्छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चलन निर्देशिका २०७५ को दफा २ (ट) मा वेरोजगार व्यक्तिलाई स्थानिय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरी परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यविधिको दफा १३(१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगार व्यक्तिहरु मध्येवाट निर्देशिकाको दफा २१ को उपदफा (३) वमोजिमको प्रथामिकता क्रममा आधारमा काममा खटाउनु पर्ने व्यवस्था रहेको छ। गाउँपालिकाले वेरोजगार व्यक्तिहरुको सुचि तयार गरि परिचयपत्र वितरण गरेर प्रथामिकताको आधारमा मात्र कामका लागी पारिश्रमिक कार्यक्रममा सहभागी गराउनु पर्नेमा सो गरेको पाइएन। वडाको सिफारिसका आधारमा मात्र कामदारहरु छनौट गरी कार्यक्रम सञ्चालन गरेको देखिँदा वास्तविक वेरोजगार व्यक्तिहरुले नै रोजगारी प्राप्त गरे भन्ने आधार रहेन। कानुनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकृत वेरोजगारहरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर रोजगार व्यवस्थापन सुचना प्रणालीलाई अद्यावधिक गर्दै कामका लागी पारिश्रमिक कार्यक्रमलाई विश्वसनिय तथा प्रभावकारी वनाउनुपर्दछ ।

३८. **पेश्की बाँकी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा आर्थिक बर्षको अन्त्यसम्ममा पेश्की फछ्यौट गरी सक्नु पर्ने व्यवस्था भएकोमा आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसार व्यक्ति, उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्ने रु... ८७३८४५

गो भा नं/मिति	पेश्की लिनेको नाम	वापत	रकम
२०८/२०७७.०३/२८	घामनुङ खोला झोलुङ्गे पुल निर्माण उ स	झोलुङ्गे पुल निर्माण	२७६८४५
९३/२०७६/०९/२३	घाउनु हरियो स्वारा सडक उ स	घाउनु हरियो स्वारा कुलेडाँडा सडक	३०००००
८/२०७७/०१/३१	वेत्यानी सुवारा घुम्ले सडक उ स	वेत्यानी सुवारा घुम्ले सडक	२९७०००
	जम्मा		८७३८४५

पालिकाले उपलव्ध गराएको पेश्कीको विवरणअनुसार कुल पेश्की रकम रु१८३६९९७९।०० मध्ये रु१०९४४८१३।०० आ व २०७७।७८ मा विभिन्न भौचरहरुवाट फछ्यौट भएको र वाँकी मध्ये रु२८५००००।०० मोविलाइजेशन पेश्की तथा रु २०१३२१।०० गत वर्षको पेश्की रहेको र गत वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश भईसकेकोले असुल फछ्यौट गर्न वाँकी पेश्की रु४३७३८४५।०० रहेको पाइयो।

३९. **मोविलाइजेशन पेश्की:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा आर्थिक बर्षको अन्त्यसम्ममा पेश्की फछ्यौट गरी सक्नु पर्ने व्यवस्था भएकोमा आर्थिक बर्षको अन्त्यसम्ममा तप्राङ वन्यजन्तु पार्क निर्माण वापत एम एन सि लोयल जे भी लाई भौ नं १६ र २४ वाट दिइएको मोविलाइजेशन पेश्की रकम रु २८५००००।०० समयमा असुल फछ्यौट गर्नुपर्दछ।

Scanned with CamScanner

पालिकाको संचितकोषको विवरण

२०७६।०७७

(रु हजारमा)

प्रदेश: गण्डकी

क्र. सं.	स्थानीय तह	जिल्ला	गत वर्षको जिम्मेवारी	आय: संघ तथा प्रदेश अनुदान	आय: राजस्व वाडफाड	आय: आन्तरीक आय	आय: अन्य आय	जम्मा आय	चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	मौज्दात
			१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (1+६-१०)
१	मादी गाउँपालिका	कास्की	६५३२५	३४६५५४	५८३८०	२२५३६	१५३८३८	५८१३०८	२९६८५४	१०१२२६	१६०११०	५५८१९०	८८४४३

बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसुचि २

२०७६।७७

(रु हजारमा)

सि नं	जिल्ला	स्थानिय तहको नाम	प्रारम्भिक वेरुजु: दफा संख्या: सैद्धान्तिक	प्रारम्भिक वेरुजु: दफा संख्या: लगति	प्रारम्भिक वेरुजु: रकम	प्रतिक्रियावाट फछ्यौट: दफा संख्या: सैद्धान्तिक	प्रतिक्रियावाट फछ्यौट: दफा संख्या: लगति	प्रतिक्रियावाट फछ्यौट: रकम	बाँकी वेरुजु: दफा संख्या: सैद्धान्तिक	बाँकी वेरुजु: दफा संख्या: लगती	बाँकी वेरुजु: रकम	बाँकी वेरुजु: असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने: अनियमित भएको	नियमित गर्नुपर्ने: प्रमाण कागजात पेश नभएको	नियमित गर्नुपर्ने: राजस्व लगत जिम्मेवारी नसारेको	नियमित गर्नुपर्ने: सोधभर्ना नलिएको	नियमित गर्नुपर्ने: जम्मा	पेश्की: कर्मचारी	पेश्की: अन्य	पेश्की: जम्मा
१	कास्की	मादी गाउँपालिका	२७	१८	११३५४	०	७	४५२७	२७	११	६८२७	५५८	५३९५	०	०	०	५३९५	०	८७४	८७४

अनुसुची ३

अद्यावधिक वेरुजु स्थीती

(रु हजारमा)

क स	स्थानिय तह	जिल्ला	गत बर्ष सम्मको बाँकी	यो वर्षको फछ्यौट	बाकी	यो बर्ष सम्पबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बाकी बेरुजु
१	मादी गाउँपालिका	कास्की	११७७८	११२८९	४८९	०	६८२७	७३१६

Scanned with CamScanner